**इन्टरनेसनल थिएटर इन्स्टिच्युट (आइटिआइ)**
**आइटिआइ नेपाल सेन्टर**

## अन्तर्राष्ट्रिय नृत्य दिवस, अप्रिल २९, २०२६
# विश्व सन्देश
### क्रिस्टल पिट, कोरियोग्राफर, क्यानडा

मानिसहरू चल्छन्- हाम्रा हातहरू फैलिन्छन्, हाम्रा घुँडाहरू खुम्चिन्छन्, हाम्रा टाउको हल्लाइन्छ, हाम्रा छातीहरू भित्र पस्छन्, हाम्रा कम्मर मर्किन्छन्, हामी उफ्रन्छौं, हाम फाल्छौं, काँध उचाल्छौं, हामी हाम्रा मुट्ठीहरू कस्छौं, हामी एकअर्कालाई उठाउँछौं र एकअर्कालाई उचाल्छौं । यो भाषा जत्तिकै कार्य हो । आवश्यकता, पराजय, साहस, निराशा, इच्छा, आनन्द, द्विविधा, निराशा, प्रेम आदिको बारेमा शरीरले भन्नु पर्ने कुरा यसैबाट भनिन्छ । यी चित्रहरू मनमा अर्थसहित चम्किन्छन् किनभने हामीले यी कुराहरू शरीरमा विशुद्ध रूपमा महसुस गरेका छौं, हामी उत्प्रेरित भएका छौं ।

हामी सबै नृत्यका कलाकार हौं । जीवनले हामीलाई उत्प्रेरित गर्छ; जीवनले हामीलाई नचाउँछ । श्वास जस्तै नियमित, हड्डी जस्तै कडा, हामीबाटै नृत्य सिर्जना भएको छ । हामी हाम्रो शरीरले गहिरो भाव पनि शब्दहीन भाषामा लेख्छौं । हामी नाच्दा हामी भित्र र वरपरको ठाउँलाई शोभायमान बनाउँछौं ।

जीवन जस्तै नृत्यले हरेक क्षणमा आफूलाई सिर्जना गर्छ र नष्ट पनि गर्न सक्छ । प्रेम जस्तै, यो तर्कभन्दा बाहिरको कुरा हो ।

म शरीरलाई एउटा स्थानको रूपमा सोच्न मन पराउँछु; एउटा त्यस्तो ठाउँ जहाँ अस्तित्वलाई सुन्दर आकार दिइन्छ । जब हामी नाच्छौं, हामी त्यहाँ हुनुमा गहिरो रूपमा महसुस गर्छौं ।

२०२६ को सुरुवातमा म यो लेख्दै छु । जतिबेला हाम्रो संसारमा उत्पीडन, उथलपुथल र पीडाको कुनै अन्त्य छैन जस्तो देखिरहेका छौं । हरेक दिन, जब हामी मानिसहरूले एकअर्काविरुद्ध के गर्न सक्षम छन् भन्ने भयावहता र मानिसहरू तथा धरतीलाई अवर्णनीय हिंसाको लागि ‘आगोमा घिउ’ थप्ने शक्तिको उपकरण देख्छौं, नृत्य एक सजिलो काम र बेकारको प्रतिक्रिया जस्तो लाग्छ । आमूल परिवर्तन र उपचारको यति धेरै आवश्यकता

Email: nepalcentreofiti@gmail.com | Address: Kathmandu, Nepal

भएको संसारमा नृत्य कलाकारले धेरै गर्न सक्छ, यद्यपी कति धेरै र के गर्न सक्छ भनेर कल्पना गर्न गाह्रो छ ।

तर अझै - कला, आशा जस्तै, प्रेमको एक रूप हो । हेला र हिनताको सामना गर्दा पनि दृढतापूर्वक उत्पादनशील तथा उत्तेजित दिमागको लागि कला एक समाधान हो । यसलाई निको पार्ने मलम हो । कला भनेको प्रश्नहरूसँग जुधिरहेको बेला हामीलाई एकसाथ राख्ने भाँडो हो । एकसाथ अर्थात् समाचार भन्दा फरक, वृत्तचित्र र शिक्षाभन्दा फरक, विचार र सामाजिक सञ्जालभन्दा फरक, सक्रियता र विरोधभन्दा फरक, तर असंगत होइन ।

रचनात्मकताको माध्यमबाट, हामी साहस, जिज्ञासा, दया र सहकार्यका साना कार्यहरू मार्फत प्रतिरोध र आशा जम्मा गर्छौं । नृत्यमा र नृत्य-निर्माणका क्रममा हामी प्रमाण र आशा पाउँछौं कि 'मानवता, हाम्रो पछिल्लो हृदयविदारक विश्वव्यापी असफलता भन्दा निकै बढी छ' ।

नृत्य त्यस्तो कुरा हो, जसलाई कुनै थप व्याख्याको आवश्यकता पर्दैन । यो हामीबाट बनेको छ तर हामीले केही पनि दिनु पर्दैन । यसलाई केवल इच्छुक शरीरमा बस्न आवश्यक छ । जहाँ बसेर यसले हामी र अज्ञातबीच मध्यस्थता गर्दछ र वर्णन गर्नै नसकिने भावलाई अनुवाद गर्न सक्छ ।

वर्तमान समयमा यी हराउँदै गइरहेका सुन्दरताका संकेतहरूले हामीलाई प्रभावित गर्छ । अनि जब हामी नृत्य र यसको हराउँदै गरेको अवस्था दुवैलाई आत्मसात् गर्छौं, हामीलाई हाम्रो नश्वरताको सम्झना हुन्छ । हामीले ध्यानमग्न भएर हेर्‍यौं भने नृत्यले हामीलाई स्व-आत्माको नजिक पुर्‍याउनेछ ।

**भावानुवादः आइटिआइ नेपाल**

International Theatre Institute
World Organization for the Performing Arts
Nepal Centre of ITI

# क्रिस्टल पिटको बारेमा

क्यानेडियाली कोरियोग्राफर क्रिस्टल पिट ब्याले ब्रिटिश कोलम्बिया र विलियम फोर्सिथको ब्यालेट फ्रान्कफर्टकी पूर्व कम्पनी सदस्य हुन् ।

३५ वर्षको कोरियोग्राफिक करियरमा, पाइटले द रोयल ब्याले, नेडरल्याण्ड्स डान्स थिएटर, द पेरिस ओपेरा ब्याले, द नेशनल ब्याले अफ क्यानडा जस्ता कम्पनीहरूका लागि ६० भन्दा बढी सिर्जना गरिसकेकी छिन् । उनी आघात, लत, द्वन्द्व, चेतना र मृत्युदर जस्ता विषयहरूलाई साहसपूर्वक सम्बोधन गर्ने नृत्य सिर्जनाहरूका लागि परिचित छिन् । उनको साहसी र मौलिक दृष्टिकोणले उनले अन्तर्राष्ट्रिय प्रशंसा कमाएकी छिन् र नृत्य कलाकारहरूको वर्तमान सम्पूर्ण पुस्तालाई प्रेरित गरिरहेकी छिन् ।

उनी नेडरल्याण्ड्स डान्स थिएटर, स्याडलर्स वेल्स (लन्डन) र क्यानडाको राष्ट्रिय कला केन्द्रका सहयोगी कलाकार हुन् । उनले साइमन फ्रेजर विश्वविद्यालयबाट ललितकलाको मानार्थ विद्यावारिधि उपाधि हासिल गरेकी छिन् भने उनी अर्डर अफ क्यानडाकी सदस्य हुन् । उनी फ्रान्सबाट अफिसियर डे ल'अर्ड्रे अफ आर्ट्स एट डेस लेट्रेसबाट सम्मानित व्यक्तित्व हुन् ।

सन् २००२ मा, उनले भ्यानकुभरमा किड पिभोट कम्पनी स्थापना गरिन् । जसले विश्वव्यापी प्रश्नहरूलाई मानवतासँग जोड्ने कलाकृतिहरूमा रुपान्तरण गर्ने प्रयास गर्छ । उनी नृत्य र रङ्गमञ्चको कट्टरपन्थी रुवरुपका लागि विश्व प्रसिद्ध, किड पिभोटले बेट्रोफेनहाइट, रिभाइजर, असेम्ब्ली हल (जोनाथन यंगसँग सह-निर्मित), द टेम्पेस्ट रेप्लिका, डार्क म्याटर्स, लस्ट एक्सन, द यु शो जस्ता प्रशंसित कार्यहरूसँग अन्तर्राष्ट्रिय रुपमा परिचित छिन् ।

पिट गभर्नर जनरल अफ क्यानडाको प्रदर्शन कला पुरस्कार २०२२, ज्याकबको पिलो डान्स पुरस्कार २०११ र क्यानडा काउन्सिलको ज्याकलिन लेमिएक्स पुरस्कार २०१२ पनि पुरस्कृत छिन् । सन् २०१७ मा उनले पेरिस ओपेरा ब्यालेटमा आफ्नो सिर्जना द सिजन्स क्याननको लागि बेनोइस डे ला डान्स अवार्ड साथै २०१८ मा उनले ग्रान्ड प्रिक्स डे ला डान्से डे मोन्ट्रियल अवार्ड प्राप्त गरेकी थिइन् । उनी किड पिभोट र द रोयल ब्यालेटका सिर्जनाहरूका लागि पाँचवटा सर लरेन्स ओलिभियर पुरस्कारहरू पाउने अन्तर्राष्ट्रिय कलाकार हुन् ।

**भावानुवादः आइटिआइ नेपाल**